स्तरमा (फिल्ड देखि केन्द्र सम्म) अन्य सम्बन्धित निकायहरुलाई महिला सशक्तिकरण, कृषि विकासका विभिन्न चरणहरुमा गतिशिल एवं सकारात्मक सहयोग पुऱ्याउन प्रेरित गर्न, निर्णयक एवं अहम भूमिका खेल्नु पर्नेछ ।

१.कृषि तथा महिला विकासको सम्पूर्ण जिम्मेवारी : स्थानीय तहको विषयगत शाखा/इकाई एवं यस अर्न्तगत कार्यरत पदाधीकारीहरु उपर गर्दछ । त्यसकारण, सम्वन्धित शाखा/इकाईले अनुदान, ऋण, विभिन्न सामाग्रीहरु एवं सिंचाई सामाग्रीहरु उपलब्ध गराउने निकायहरु, महिला सशक्तिकरण लगायत बजार व्यवस्था मिलाउने संस्थाहरुसँग सम्पर्क स्थापित गर्नु/ गराउनु पर्नेछ ।

२.सम्वन्धित शाखा/इकाई तथा यस अर्न्तगतका सम्बन्धित पदाधिकारीहरुले समूह/समिति, सिम्ता गाउँपालिका अर्न्तगत रहेका गैर सरकारी संस्थाहरुसँग नियमित सम्पर्क राख्नु पर्नेछ ।

३.महिला विकाश, कृषि, पशु प्राविधिकहरुले स्थानिय सरोकारवालासँग सधै सम्पर्क स्थापित गरी कार्य क्षेत्रमा रहेका अन्य सरकारी कार्यालयहरु, संस्थानहरु, स्थानीय तहका पदाधिकारीहरु, स्कूलका शिक्षकहरु, व्यापारीहरु एवं सहकारी संस्थाहरुसँग वर्षको २ पटक समन्वय बठैक राख्नुपर्नेछ ।

**२५.समूह/समिति गठनको लागि खर्च सम्बन्धमा :** कुनै नयाँ समूह/समिति गठनको लागि आवश्यक पर्ने खर्च स्थानीय दररेट अनुसार समूह/समिति गठन गर्ने निकायले गर्नेछ भने समूह/समितिको अन्य खर्च जस्तै : नियमित बैठक, साधारण सभा आदि लगायतका लाग्ने अन्य खर्चहरु समूह/समितिको आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।

**२६.समूह/समितिको आवद्दता :** समूह/समितिको माध्यम द्वारा कृषि तथा महिला विकासको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले सम्बन्धित स्थानिय तहमा दर्ता भएका समूह/समितिहरु सम्बन्धित स्थानिय तह, प्रादेशिक र संघिय तहमा गठन हुने राष्ट्रिय समूह/ समितिको महासंघमा आवद्ध हुन सक्नेछ ।

**२७.समूह/समितिको सहकारीकरण :** समूह/समितिलाई बढी सक्रिय, प्रभावकारी, दिगो र समुदाय विकासमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्या अनुभव भएका उत्कृष्ठ समूह/समितिले चाहेमा सहकारीमा परिणत गर्न सकिने छ । सामान्यत: स्थानिय सहकारी ऐन, २०७५ अनुसार तोकिएको ढाँचा पुरा भएको अवस्थामा सहकारी संस्था दर्ता गर्न योग्य हुन सक्नेछन् । सहकारी संस्था गठन गर्दा देहायका आधार पुरा भएका संस्था बढी दिगो हुन सक्नेछन् । समूह/समितिको रुपमा ३ वर्षको अनुभव भएको ।

- पर्याप्त बचत संकलन एवं उत्कृष्ठ कार्य सम्पादन भएको ।
- व्यवसायिक क्रियाकलापहरु संचालन गर्न सक्षम भएको । साथै समूह/समितिको नाममा रहेको
- सम्पूर्ण चल-अचल सम्पत्ती उक्त समूह/समिति भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वत: हुनेछ ।

**२८. खारेजी तथा बचाउ :** नेपाल सरकार कृषि तथा पशपुंन्छि विकास मन्त्रालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, मातहत निकायले दर्ता गरी संचालन गरी आएका सिम्ता गाउँपालिका क्षेत्र भित्रका सबै समूह/समितिहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

**२९. प्रचलित कानुन लागु हुने :** माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको प्रचलित मूल कानुनसँग बाझिने कुनै दफाहरु बाझिएका हदसम्म अमान्य हुनेछन् ।

**३०. कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :**

१.यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२.यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाको बैठकले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३१. यस पूर्व दर्ता भै कार्यान्वयनमा रहेको समूह/समिति यसै कार्यविधि बमोजिम भएको मानिने छ ।